'उज्यालो नेपालको संवाहक'

नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं

खोज तथा उद्धार सम्बन्धी सूचना

मिति २०८३।०५।१० गते भोटेकोशी र त्रिशुली नदीमा आएको बाढीबाट ६० मेगावाटको माथिल्लो त्रिशुली ३ ए जलविद्युत केन्द्रको पावर हाउसमा कार्यरत रही सम्पर्क हुन नसकेका कर्मचारीहरुको निरन्तर खोज तथा उद्धार कार्यको परिणाम स्वरुप आज २१६ घण्टा पश्चात अर्थात १०औं दिन मिति २०८३।०५।१९ गते करिव बिहान ८:५५ बजे २ (दुई) जना कर्मचारीहरुको सकुशल उद्धार गर्न सम्भव भएको छ। यस अवधिमा अनवरत रुपमा खोज तथा उद्धार कार्यलाई प्रभावकारीरुपमा सञ्चालन गर्न प्रत्यक्ष रुपमा संलग्न हुनुहुने एवम् आवश्यक सहयोग, समन्वय एवम् सहजिकरण गरिदिनुहुने सम्माननीय प्रधानमन्त्रीज्यू, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीज्यू, माननीय गृह मन्त्रीज्यू, माननीय सञ्चार मन्त्रीज्यू, माननीय प्रतिनिधि सभा सदस्य श्री श्रीराम न्यौपान एवम् सागर ढकालज्यू, श्रीमान सचिवज्यूहरु, नेपाली सेना, नेपाल प्रहरी लगायतका सूरक्षाकर्मीहरु, विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय प्रशासन, सम्बन्धित क्षेत्रका विषय विज्ञ, पत्रकार एवम् उद्धारमा खटिएका सम्पूर्ण कर्मचारी तथा विभिन्न उपकरण सञ्चालन गर्ने जनशक्तिहरु, कर्मचारीका आफन्तजन लगायत सम्बन्धित सबै प्रति नेपाल विद्युत प्राधिकरण हार्दिक कृतज्ञता व्यक्त गर्दछ। साथै खोज तथा उद्धार कार्यलाई थप प्रभावकारी रुपमा निरन्तर सञ्चालन गर्न सम्बन्धित सबै पक्षबाट सहयोग र समन्वय गरिदिनुहुन समेत प्राधिकरण हार्दिक अनुरोध गर्दछ।

मिति:२०८३।०५।१९ गते शुक्रबार